## गोकुलगंगा गाउँकार्यपालिकाको मिति २०७६/१२/२४ गतेको निर्णयहरु

**निर्णयहरु :-**

**निर्णय नं. १** प्रस्ताब नं. १ माथि छलफल गर्दा बाबु आमा विहिन बालबालिकाहरुको सम्बन्धमा नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरीक मन्त्रालयले तयार गरेको निर्दिष्ट ढाँचा (Format) मा विवरण यथाशिघ्र सबै वडाहरुले तयार गरी गाउँपालिकाको कार्यालयमा पठाउने । त्यस्ता बालबालिकाहरुको विवरण यर्थाथ र तथ्यपरक रुपमा वडा कार्यालयहरुले संकलन गरी गाउँपालिकामा पठाउने निर्णय गरियो ।

**निर्णय नं. २** (क) प्रस्ताब नं. २ माथि छलफल गर्दा विदेशबाट आएका व्यक्तिहरुलाई सुरक्षा निकाय समेतको सहयोगमा प्रयाप्त आधार भए बमोजिम आफ्नो निजि आबासमानै क्वारेन्टाईनहरुमा बस्ने हालको व्यबस्थालाई निरन्तरता दिने तर कोरोना भाईरस (कोभिड-१९) को सम्भावना भएको प्रयाप्त आधार भएका वा शंकास्पद व्यक्तिहरुलाई यस गाउँपालिकाले व्यबस्थापन गरेको क्वारेन्टाईनमा राख्ने निर्णय गरियो ।

**निर्णय नं. २** (ख) प्रस्ताब नं. २ माथि छलफल गर्दा नेपाल सरकारबाट स्वीकृत कोरोना भाईरस (कोभिड-१९) सम्बन्धि क्वारेन्टाईन सञ्चालन तथा व्यबस्थापन गर्न बनेको मापदण्ड २०७६, बमोजिमको सुबिधा क्वारेन्टाईन्मा यथा सम्भव उपलब्ध गराउने । गाउँपालिकाले सञ्चालनमा ल्याएको क्वारेन्टाईन सञ्चालन तथा क्वारेन्टाईनमा राखिने व्यक्तिको खाना खर्चका लागि गाउँपालिकाको बिपद व्यबस्थापन शिर्षकमा विनियोजित बजेटबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** (ग) प्रस्ताब नं. २ माथि छलफल गर्दा स्वास्थ्यकर्मीबाट चेकजाँच गर्दा कोरोना भाईरसको लक्षण देखिएमा त्यस्ता व्यक्तिलाई थप उपचारका लागि सुविधा सम्पन्न अस्पतालमा तत्काले पठाउने व्यबस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** (घ) प्रस्ताब नं. २ माथि छलफल गर्दा बिदेशबाट आएका व्यक्तिहरुको नाम, ठेगाना र बिदेश गई फिर्ता आएको देश सहितको विवरण सङ्कलन गरी यथाशिघ्र वडा कार्यालयहरुले विवरण पठाउने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताब नं. ३ माथि छलफल गर्दा गाउँपालिका अर्न्तगतका सबै स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी र कर्मचारीहरुले दैनिक रुपमा आफ्नो कार्यालयमा कामकाज गर्नुपर्ने र अत्यावश्यक किरिया विदा, प्रसुति बिदा र अन्य गम्भिर प्रकृतिको रोग लागि बिमारी भएकोमा वाहेक बिदा बस्न नपाउने र स्वास्थ्यकर्मी गैर हाजिर भए वा आफ्नो कर्तव्य पालना नगरेमा कानुनी कार्वाही गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताब नं. ४ माथि छलफल गर्दा असंगठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग तथा असहायहरुलाई उपलब्ध गराउने राहात सम्बन्धि मापदण्ड २०७६, स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** प्रस्ताब नं. ५ माथि छलफल गर्दा लकडाउन अबधिभरको लागि राहत दिनु पर्ने असंगठित क्षेत्रका दैनिक ज्यालादारी श्रमिक बर्ग, असहाय भएका परिबारका व्यक्तिहरु, अपाङ्गता भएका व्यक्तिहरु ( पहिला सुबिधा प्रप्त नगरेका) र खाद्यान्न संकट भएका व्यक्ति/परिवारहरुको एकिन तथ्याङ्क प्रत्येक वडा कार्यालयको सिफारीसमा पहिचान गरी प्रमाणित गरी लगत तयार गर्ने । वडाध्यक्षले त्यस्तो परिवार वा व्यक्तिको नागरिकताको आधारमा प्रमाणित गरिदिने । त्यस्तो राहत दावी गर्ने व्यक्तिले आफु स्वरोजगार नभएको औपचारीक रोजगारीमा नरहेको र अन्य आय आर्जनको वैकल्पिक उपाय नभएको स्वघोषणा

गर्नुपर्नेछ । गलत स्वघोषणा गरी राहत लिए खाएमा सरकारी बाँकी सरह असुल उपर गर्ने स्वघोषणाको कवुलियतनामामा उल्लेख गर्ने । यसरी राहत सुबिधा वितरण गरे पश्चात उक्त राहत लिने व्यक्ति तथा परिवारको नाम, ठेगाना सहितको विवरण सार्वजनिक गर्ने र सो विवरण संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण बिभाग र प्रदेश सरकारमा पठाउने । यसरी राहत उपलब्ध गराउन गाउँपालिकाको विपद व्यबस्थापन कोष खाता खडा गरी उक्त कोषबाट खर्च गर्ने र अपुग बजेट गाउँपालिकाले थप व्यबस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृत लिएका तर कोरोना भाईरस (कोभिड-१९) का कारण जान नपाएका व्यक्तिहरुको वडागत विवरण तयार गरी गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी प्रधान्मन्त्री रोजगार कार्यक्रममा आवद्ध गर्न २०७७ बैशाख पहिलो हप्ता सम्म सुचिकृत हुन सक्ने गरी सुचना प्रकाशित गरी त्यस्ता व्यक्तिको लगत विवरण तयार गरी वडा कार्यालयको सिफारिस सहित आएमा रोजगार सेवा केन्द्रमा सुचिकृत गरी दिने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा कुनै संघ संस्था वा व्यक्तिले गाउँपालिका सँग समन्वय नगरी सहायता/राहत दिन नपाउने । सहायता वा राहत दिनु परेमा गाउँपालिकाको विपद् व्यबस्थापन कोषमा जम्मा गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा असंगठित क्षेत्रमा काम गरी रहेका श्रमिकहरु लगायत भडामा बसी रहेको सबै व्यक्तिहरुको सहयोगको लागि त्यस्तो घरबेटीहरुले घर भाडामा बस्नेलाई १ महिनाको घरभाडा नलिने व्यबस्थाका लागि सम्बन्धित घरधनीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा दैनिक उपभोग्य बस्तुको आपुर्ति व्यबस्थापनलाई सहज बनाउन प्रत्येक वडामा वाडाध्यक्षको संयोजकत्वमा स्थानीय प्रहरी समेतको प्रतिनिधित्व रहने गरी देहाय बमोजिमको आपुर्ति व्यबस्थापन समिति बनाउने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| क) सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| ख) नजिकको प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि | सदस्य |
| ग) सम्बन्धित वडा सचिब | सदस्य |

**निर्णय नं. १०** प्रस्ताव नं. १० माथि छलफल गर्दा कोरोना भाईरस (कोभिड-१९) नियन्त्रण तथा रोकथामको लागि कर्मचारीहरुको तर्फबाट संघिय सरकारले गरेको निर्णय बमोजिमको सहयोग कोरोना संक्रमण रोकथाम नियन्त्रण तथा उपचारकोषमा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** प्रस्ताव नं. ११ माथि छलफल गर्दा कोरोना भाईरस (कोभिड-१९) को संभावित संक्रमणबाट उत्पन्न प्रतिकुल अबस्थाबाट प्रभावित श्रमिक वर्ग, विपन्न तथा असहाय बर्गलाई राहत वितरणमा दोहोरोपना हुन नदिन बिभिन्न व्यक्ति, संघ संस्था, सरकारी तथा गैरसरकारी निकायबाट उपलब्ध हुने राहत स्थानीय तहको विपद् व्यबस्थापन कोषमा जम्मा गरी एकद्वार प्रणालीबाट राहत वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** (क) प्रस्ताव नं. १२ माथि छलफल गर्दा राहत वितरण गर्दा बिशेष संरक्षण गर्नुपर्ने बर्ग जेष्ठ नागरिक, अति अपाङ्गता भएका अशक्त, बाबु आमा नभएका व्यक्तिलाई राहत वितरणमा बिशेष प्राथमिकता दिने निर्णय गरियो ।

**निर्णय नं. १२** (ख) प्रस्ताब नं. १२ माथि छलफल गर्दा असंगठित क्षेत्रमा कार्यरत नागरिकता विहिन एच.आइ.भि. एड्स पिडित र आश्रय स्थलमा रहेका एकल महिलाहरुको तथ्याङ्क संकलन गरी राहत तथा आवश्यक सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३** प्रस्ताब नं. १३ माथि छलफल गर्दा यस गाउँपालिकामा निर्माण भएको अस्पतालमा मेडिकल अधिकृत (डा.) आवश्यक परेको र हाल कोरोना भाईरस (कोभिड-१९) को कारण संक्रमित बिरामीहरुलाई तत्काल स्वास्थ्य परिक्षण गर्नुपर्ने हुँदा बजेट उपशिर्षक नं. २२४१३ करार सेवा शुल्कबाट तलब भत्ता भुक्तानी गर्ने गरी करारमा मेडिकल अधिकृत (डा.) नियुक्तिको लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १४** (क) प्रस्ताब नं. १४ विविध माथि छलफल गर्दा यस गाउँपालिका भित्रने मुख्य नाका फर्पुको छतिवने र धारापानीबाट यस गाउँपालिकामा आउने तथा सोहि नाका मार्फत अन्य गाउँपालिका जाने मानिसहरुको विवरण अध्यबधिक गर्नको लागि गाउँपालिकाको तर्फबाट १, १ जना विवरण संकलनकर्ता तोक्ने र उक्त संकलनकर्तालाई काम सहज गर्न स्थानीय प्रहरी चौकिहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** (ख) प्रस्ताब नं. १४ विविध माथि छलफल गर्दा यस गाउँपालिका भित्र भारत लगायतका तेश्रो मुलुकबाट फर्कि आएका मानिसहरुको लगत संकलनको लागि कार्यरत संकलनकर्ताहरुलाई नै थप १० दिन समयाबधि थप गरी असंगठित क्षेत्रका दैनिक ज्यालादारी श्रमिक बर्ग, असहाय भएका परिबारका व्यक्तिहरु, अपाङ्गता भएका व्यक्तिहरु (पहिला सुबिधा प्राप्त नगरेका), खाद्यान्न संकट भएका व्यक्ति/परिवारहरु र वैदेशिक रोजगारीमा जान श्रम स्वीकृत लिएका व्यक्तिहरुको तथ्याङ्क संकलनको काम समेत जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. १४** (ग) प्रस्ताब नं. १४ विविध माथि छलफल गर्दा कोरोना भाईरस रोकथाम तथा नियन्त्रणको लागि लकडाउनको समयमा कार्यरत गाउँपालिका अर्न्तगत स्वास्थ्यसेवाका कर्मचारी, कार्यक्षेत्रमा खटेका कर्मचारी र यस गाउँपालिका कार्यक्षेत्र तोकिई काम गरिरहेका सुरक्षा कर्मीहरुलाई खाईपाई रहेको सुविधामा थप हुने गरी प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।